*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VII, January 2026
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli, Nepal

**Article History**: ***Received:*** 30 June 2025; ***Reviewed:*** 30 November 2025; ***Accepted:*** 01 December 2025

# स्वप्नदृष्टि महाकाव्यमा रसविधान

**खोपीराम वली क्षेत्री, पिएचडी**
मध्यपश्चिम विश्वविद्यालय, वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुर
Email: olikr3883@gmail.com
Orcid ID: 0009-0002-8822-3147
DOI: https://doi.org/10.3126/sij.v7i1.92562

**सार**

प्रस्तुत अनुसन्धानात्मक लेखको शीर्षक स्वप्नदृष्टि महाकाव्यमा रसविधान रहेको छ । यो महाकाव्य पूर्वीय महाकाव्य सिद्धान्तले अङ्गीकार गरेको विषयवस्तु, नायक एवम् नायिकाको प्रयोग, मङ्गलाचरण, सर्गान्तमा भावी कथावस्तुको सङ्केतजस्ता मान्यतालाई अङ्गीकार नगरेर यात्रालाई विषयवस्तु बनाई रचना गरिएको महाकाव्य हो । महाकाव्यसम्बन्धी शास्त्रीय मान्यतालाई अङ्गीकार नगरेको यो महाकाव्य रस प्रयोगका दृष्टिले कस्तो छ ? भन्ने मूल समस्यामा केन्द्रित छ । यो अनुसन्धान लेखमा स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोग अवस्था पहिचान गरी निरूपण गर्ने मूल उद्देश्य राखिएको छ । ज्ञवालीका थुप्रै प्रबन्धकाव्यमध्ये यादृच्छिक नमुना छनोट विधिबाट स्वप्नदृष्टि महाकाव्य र स्वप्नदृष्टिलाई पनि रस प्रयोगका दृष्टिले अध्ययन गर्ने गरी छनोट गरिएको छ । प्राथमिक सामग्रीका रूपमा स्वप्नदृष्टि र द्वितीयक स्रोतका रूपमा रससम्बन्धी व्यक्त सैद्धान्तिक मान्यता उल्लेख गरेका पुस्तकहरू प्रयोग गरिएको छ । गुणात्मक ढाँचाको यो अनुसन्धान महाकाव्यमा रहेका श्लोकहरूलाई साक्ष्यका रूपमा उल्लेख गरी रस अवयव र रस निष्पत्ति प्रक्रियाका आधारमा आगमनात्मक विधिबाट विश्लेषण गरिएको छ । विरोधी रसलाई पनि कसरी अङ्गी रसको अङ्ग वा सहयोगी बनाउन सकिन्छ र पूवीय महाकाव्यसम्बन्धी मान्यतालाई अङ्गीकार नगरी झिनो कथावस्तुमा पनि महाकाव्यमा नौवटै रसको प्रयोग गरी महाकाव्यलाई कसरी रसमय बनाउन सकिन्छ भन्ने नवीन तथ्य पत्ता लगाउनु यस अनुसन्धान कार्यको मूल प्राप्ति वा उपलब्धि रहेकाले यो अनुसन्धानात्मक लेखको आफैमा महत्त्व रहेको छ ।

***शब्दकुञ्जी*** : रस अवयव, परिपाक, साधारणीकरण, अङ्गी रस, अङ्ग रस

## विषयपरिचय

नेपाली साहित्यका विविध विधामध्ये कविताको वृहत् रूपअन्तर्गत महाकाव्य पर्दछ । नेपाली महाकाव्य लेखन परम्पराको आधुनिक काल र मौलिक महाकाव्य लेखन परम्परा महाकवि देवकोटाबाट प्रारम्भ भएको हो । हाल महाकाव्य लेखनमा थुप्रै महाकाव्यकारहरूले कलम चलाएको पाइन्छ । जसमध्ये रामप्रसाद ज्ञवाली पनि एक हुन् ।

*Copyright 2026 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

रामप्रसाद ज्ञवालीका हालसम्म औँसीका फूलहरू (महाकाव्य, २०५३), एकादेशमा (खण्डकाव्य, २०६१), हिँडी रहूँ हिँडी रहूँ (यात्राकाव्य, २०७२), स्वप्नदृष्टि (२०७४) र आरोहण (संयुक्त महाकाव्य, २०७४) प्रबन्धकाव्यहरू प्रकाशित छन् । रामप्रसाद ज्ञवालीले स्वप्नदृष्टि (२०७४) महाकाव्यमा नेपालदेखि चीन र उत्तरकोरियाको भ्रमण गरी त्यहाँ देखेसुनेका र भोगेका विषयले उनको मनमा पारेका प्रभावहरूलाई विषयवस्तु बनाई रचना गरेको सत्र सर्गमा विभक्त महाकाव्य हो ।

साहित्यलाई सशक्त, सम्प्रेषणीय र साधारणीकृत पार्ने मुख्य तत्त्व रस हो । पूर्वीय साहित्य परम्परामा रसवादी मान्यताको शास्त्रीय व्याख्या आचार्य भरतबाट सु? भई रसवादी विश्वनाथ र चौधौँ शताब्दीका आचार्य जगन्नाथसम्म पुग्दा पूर्णतः विकसित र स्थापित भएको पाइन्छ । रसवादी आचार्यहरूले खण्डकाव्य र महाकाव्यमा रसलाई मूल तत्त्व रूपमा सकारेको पाइन्छ । विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ । मानव चित्तवृत्तिमा सुषुप्त अवस्थामा रहेको स्थायी भावलाई विभाव, अनुभाव र व्यभिचारी भावको उचित संयोजनले आस्वादन गरिन्छ भन्ने पूर्वीय आचार्यहरूको मान्यता छ । कविताको बृहत् रूपअन्तर्गत पर्ने महाकाव्यका बारेमा पूर्वीय महाकाव्यका सिद्धान्तकारहरूले महाकाव्यका लागि अनिवार्य तत्त्व मध्ये रस पनि हो भन्ने उल्लेख गरेका छन् । स्वप्नदृष्टि पनि महाकाव्य भएको र रस पनि महाकाव्यको अनिवार्य तत्त्व मध्ये एक प्रमुख तत्त्व मानिएकाले स्वप्नदृष्टिलाई रसका दृष्टिले गहन विश्लेषण गर्नु उपयुक्त ठानी उक्त विषयलाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

स्वप्नदृष्टि महाकाव्य पूर्वीय महाकाव्यसिद्धान्तले अङ्गीकार गरेका कथावस्तुका स्रोतहरू पुराण र इतिहासबाट विषयवस्तु लिनु पर्छ भन्ने मान्यताभन्दा भिन्न यात्रालाई विषयवस्तु बनाइएको, नायक/नायिका, पात्र प्रयोगसम्बन्धी मूल्यमान्यताको पालना नगरी रचना गरिएको छ । स्वप्नदृष्टि झिनो कथावस्तु, नायक र नायिकाको गौण उपस्थिति, कम पात्रको प्रयोग, यात्रा विषय र प्रगतिवादी विचारप्रधान महाकाव्य हो । पूर्वीय महाकाव्य सिद्धान्तभन्दा भिन्न विषयवस्तुको प्रयोग गरी रचना भएको यो महाकाव्यमा पूर्वीय महाकाव्यसिद्धान्तले महाकाव्यको अनिवार्य तत्त्व मानेको रसको प्रयोग कसरी भएको छ भन्ने जिज्ञासा वा समस्या हुनु स्वाभाविक हो । पूर्वकार्यको अध्ययनबाट स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोग कस्तो छ ? रसप्रयोगका दृष्टिले यो महाकाव्य कस्तो छ ? भन्ने विषयमा कहीँ कतै अध्ययन भएको पाइँदैन । यसर्थ यी मूल समस्यालाई अध्ययनको अन्तराल मानेर यो अनुसन्धान गरिएको छ । यात्रालाई विषयवस्तु बनाई रचना गरिएको झिनो कथावस्तु भएर पनि महाकाव्य रसमय बनाउन सकिने नवीन तथ्य पत्ता लगाउनु यो अध्ययनको आफैमा विशिष्ट महत्त्व छ ।

## पूर्वकार्यको समीक्षा

### सैद्धान्तिक पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा

प्रस्तुत अनुसन्धानकार्यमा रामप्रसाद ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोग अवस्थाबारे गहन विश्लेषण गर्ने मूल उद्देश्य राखिएको छ । यसर्थ रस, रसको परिपाक, रस सामग्री, रसका प्रकारसम्बन्धी व्यक्त विद्वान्हरूका मत र मान्यतालाई मूल सैद्धान्तिक आधार मानिएको छ ।

विश्वनाथले आफ्नो लक्षणग्रन्थ साहित्यदर्पणमा (सन् १९८२) रस सम्बन्धमा "वाक्यं रसात्मकं काव्यम्" अथवा रसात्मक वाक्य नै काव्य हो भनेर आफ्नो धारणा व्यक्त गरेका छन् । भरतले नाट्यशास्त्रम् (सन् १९८३) मा "विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति" वा विभाव, अनुभाव र व्यभिचारी भावको उचित संयोगबाट रसको उत्पत्ति हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । उनले रससूत्र उल्लेख गरेर विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट स्थायी भावरूपी रसको उत्पत्ति हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । हाम्रा अन्तस्करणमा वासनात्मक रूपले अवस्थित रहने यी अन्तर्वृत्तिलाई काव्यशास्त्रमा स्थिर र अस्थिर गरी दुई रूपमा विभाजित गरी क्रमशः स्थायी र अस्थायी भाव वा सञ्चारी भाव भनिएको छ । यी स्थायी भाव नै रस रूपमा परिणत हुने हुँदा यिनको अभिव्यक्तिका निम्ति कारण आदिको अपेक्षा हुन्छ । यिनै कारण आदि

उपकरणहरूलाई विभाव, अनुभाव र सञ्चारी भावको संज्ञा दिएको छ । लौकिक जीवनमा रति (प्रेम), शोक, क्रोध आदि चित्रवृत्ति (अन्तर्वृत्तिहरू) हरूको प्रकाशनका लागि जुन माध्यमहरूको आश्रय लिइन्छ ती कारण कार्य सहकारी कहलाउँछन् । तिनै कारण, कार्य र सहकारीहरूलाई श्रव्य र दृश्यकाव्यमा प्रस्तुत गरिँदा तिनको नाम क्रमशः विभाव, अनुभाव र सञ्चारी (व्यभिचारी) भाव हुन जान्छ । तिनै विभाव आदिवाट अभिव्यक्त हुने स्थायी भाव रस कहलाउँछ भन्ने कुरा उल्लेख गरेका छन् ।

भरतका अनुसार, "शृङ्गारहास्यक?णारौद्रवीरभयानकाः । विभत्साद्भूतशान्ताश्च नवनाट्यरसाः स्मृताः" वा स्थायी भाव नौ ओटा छन् । भामहका अनुसार (काव्यालङ्कार, २०२८), "युक्तं लोकस्वभावेन रसैश्च सकलैः पृथक् । रसवद् दर्शितस्पष्टशृङ्गारादिरसं यथा" । अर्थात् लोक स्वभावअनुसार फरक फरक रसहरू प्रयोग गरिएको हुन्छ जहाँ शृङ्गारिक रसको स्पष्ट तथा साक्षात् वर्णन हुन्छ त्यहाँ रसजस्तै अलङ्कार हुन्छ ।

माथि उल्लिखित पूर्वकार्यहरूमा रस के हो ? रसका अवयव के के हुन् ? रस कति प्रकारका हुन्छन् ? रस कसरी निष्पत्ति हुन्छ भन्नेबारेमा आचार्यहरूको मत स्पष्ट बुझ्न सहयोग गरेको छ । प्रस्तुत शोधकार्यको शीर्षक नै रामप्रसाद ज्ञवालीको स्वप्नदृष्टि महाकाव्यमा रसविधान रहेकाले रससिद्धान्तबारेमा बुझेर धारणा बनाई स्वप्नदृष्टि महाकाव्यमा रसको पहिचान, विश्लेषण र निरूपण गर्न सहयोग पुगेको छ ।

**प्रायोगिक पूर्वकार्यको सर्वेक्षण र समीक्षा**

यस अनुसन्धान कार्यलाई सहयोग गरी विश्लेषणको आधार र अन्तराल निर्धारण गर्न प्रायोगिक पूर्वकार्यहरूको सर्वेक्षण र समीक्षा निम्नअनुसार गरिएको छ :

विष्ट (२०७३) ले "समका ऐतिहासिक नाटकमा रसविधान" शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा समका नाटकहरूमध्ये इतिहासलाई विषयवस्तु बनाएर लेखेका नाटकमा रसको प्रयोग अवस्थाबारे विश्लेषण गरेका छन् । यो शोधप्रबन्धमा समका नाटकमा अङ्गी रस, अङ्ग रसको प्रयोग अवस्थाबारे विश्लेषण गरिएको छ । यो कार्यले प्रस्तुत अनुसन्धान कार्यका लागि महाकाव्यमा रस प्रयोगको खोजी कसरी गरिन्छ भन्नेबारे अवधारणा बनाउन सहयोगी बनेको छ । न्यौपाने (२०७४) ले "भरतराज पन्तका महाकाव्यमा रसविधान" शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा भरतराज पन्तको महाकाव्यमा पूर्वीय महाकाव्यसिद्धान्तको पूर्णतः पालना गरिएका पन्तका महाकाव्य दोभान रस प्रयोगका दृष्टिले उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । साथै चारवटा शोककाव्य लेखेका उनको महाकाव्यमा क?ण अङ्गी रस रहेको निष्कर्ष निकालिएको छ । कुनै रस अङ्गी कसरी बनेको हुन्छ भन्ने विषयमा अवधारणा बनाउन यो अनुसन्धान कार्य सहयोगी रहेको छ ।

**विषयगत पूर्वकार्यको सर्वेक्षण र समीक्षा**

रामप्रसाद ज्ञवालीले लेखेका प्रबन्धकाव्यमा हालसम्म थुप्रै विद्वान्हरूले कलम चलाएको पाइन्छ । जसमध्ये यो अनुसन्धान कार्यका लागि सहयोगी हुने पूर्वाध्ययनको मात्र यहाँ सर्वेक्षण र समीक्षा गरिएको छ ।

नेपाल (२०७४) ले स्वप्नदृष्टिमा "कवि रामप्रसाद ज्ञवाली वैयक्तिक अनुभूति : निर्वैयक्तिक शब्दचित्र स्वप्नदृष्टि" शीर्षकको लामो भूमिकापरक लेख लेखेका छन् । यसमा उनले महाकाव्यकार रामप्रसाद ज्ञवालीको व्यक्तित्व, जीवनी र काव्यसाधनाबारे विस्तारमा चर्चा गरेका छन् । यस भूमिकामा सत्यलाई सूक्तिमा रूपान्तरण गर्न सक्ने र सामान्य भनाइमा पनि जीवन्त दर्शन निर्माण गर्न सक्ने कवि ज्ञवालीको बहुआयामिक व्यक्तित्वमध्ये प्रथमतः स्रष्टाव्यक्तित्व, द्वितीयः द्रष्टाव्यक्तित्व तथा तृतीयः अन्य व्यक्तित्व छन् भन्दै मूलतः कविव्यक्तित्व नै कवि ज्ञवालीको मूल चिनारी भएको ठहर गरिएको छ । प्रस्तुत लेखमा नेपालले कवि रामप्रसाद ज्ञवालीका काव्यप्रवृत्तिबारे उल्लेख गर्दै उनलाई नेपाली छन्दकविताका पुनर्जागरणकर्ता, युगीन दूरदृष्टि भएका दूरद्रष्टा कवि, जोखिमपूर्ण सिर्जनात्मक उपस्थिति जनाउने साहसी कवि, शास्त्रीय छन्दलाई प्रगतिवादी चिन्तनमा सहजै घुलमिल गराउन सक्ने प्रतिभावान् कवि, पछिल्लो अवधिमा महाकाव्यको मानकीकरणको उपजकर्ता र अभियन्ता, पूर्वीय महाकाव्यका मानक प्रयोगकर्ताजस्ता विशेषण दिएका छन् । पोखेल (२०७४) ले भानुमा

"नेपाली महाकाव्यपरम्परामा नवीनतम र विचार उत्तेजक यात्रा-महाकाव्य नेउची" शीर्षकमा लामो लेख प्रकाशन गरेको पाइन्छ । यसबाट स्वप्नदृष्टि महाकाव्यको प्रारम्भिक नाम 'नेउची' अर्थात् नेपाल-उत्तरकोरिया-चीन राखिएको थियो जसलाई प्रकाशन गर्दा परिवर्तन गरी स्वप्नदृष्टि बनाइएको रहेछ भन्ने अनुमान हुन्छ । पोखरेलले यस लेखमा नेउची (स्वप्नदृष्टि) महाकाव्यको आद्योपान्त अध्ययन गरी यसको सर्गगत आख्यानको विश्लेषण गरेका छन् । यसका साथै उनले कवि ज्ञवाली नेपाली साहित्यका बहुमुखी प्रतिभा र कविताकाव्यका कुशल शिल्पी तथा प्रगतिवादी साहित्यका उत्कृष्ट प्रतिभा भएको निष्कर्ष प्रस्तुत गरेका छन् । यस लेखको अध्ययनबाट यस अनुसन्धान कार्यमा स्वप्नदृष्टि महाकाव्यको आख्यानगत विशिष्टता बुझी आख्यानमा रसप्रयोगको अवस्था बुझ्न सहयोग पुगेको छ ।

माथि उलि्लखित सैद्धान्तिक सर्वेक्षण र समीक्षाले प्रस्तुत अनुसन्धानात्मक लेखको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोगीको भूमिका निर्वाह गरेको छ । प्रायोगिक र विषयगत सर्वेक्षण र समीक्षाले पूवीय महाकाव्य सिद्धान्त मान्यताभिन्न रहेर रचना गरिएको स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोगअवस्था कस्तो छ भन्नेबारे कहिँ कतै अध्ययन गरेको नपाइएकाले अनुसन्धान अन्तराल पहिचान गरी समस्या निर्धारण गर्न भूमिका निर्वाह गरेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान कार्य सम्पन्न गर्नका लागि आधारभूत रूपमा निम्नलिखित अनुसन्धान विधिको उपयोग गरिएको छ :

### अनुसन्धानको ढाँचा

यो अनुसन्धानात्मक कार्यको मूल समस्या स्वप्नदृष्टि महाकाव्यमा रसको प्रयोग अवस्था कस्तो छ भन्ने रहेको छ । यसर्थ रससिद्धान्तका आधारमा स्वप्नदृष्टि महाकाव्यको विश्लेषण गर्ने भएकाले यो अनुसन्धानको सैद्धान्तिक ढाँचा रससिद्धान्त हो । स्वप्नदृष्टि महाकाव्यमा प्रयुक्त श्लोकलाई साक्ष्यका ( उदाहरण) रूपमा उल्लेख गर्दै आगमनात्मक विधिबाट विश्लेषण गरिएकाले विशिष्टबाट सामान्यतर्फ गई खुल्ला अन्त्य खालको निष्कर्ष निकालिएकाले यो अनुसन्धान गुणात्मक ढाँचाको रहेको छ ।

### सहभागी र नमुना छनोट

साहित्यका विविध विधा छन् । त्यसमध्ये कविताको वृहत्रूप महाकाव्य र त्यसमा पनि थुप्रै महाकाव्यकारका महाकाव्यमध्ये रामप्रसाद ज्ञवालीका रचनालाई सहभागीका रूपमा छनोट गरिएको छ । विशिष्ट यादृच्छिक नमुना छनोट विधि प्रयोग गरी रामप्रसाद ज्ञवालीका थुप्रै प्रबन्धकाव्यमध्ये स्वप्नदृष्टि र स्वप्नदृष्टिलाई पनि अन्य आधारमा नभएर रसविधानका दृष्टिले मात्र अध्ययन गरिएको छ । अन्य प्रबन्धकाव्यभन्दा स्वप्नदृष्टि महाकाव्य नौलो र रसको प्रयोग अवस्था विचित्र खालको देखिएकाले यसलाई छनोट गरिएको छ ।

### तथ्य वा सामग्री सङ्कलन

अनुसन्धानकार्यको समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन गर्न प्राथमिक र द्वितीयक गरी दुई किसिमका स्रोतहरू उपयोग गरिएका छन् । यस अध्ययनमा स्वप्नदृष्टि महाकाव्यलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । रससिद्धान्तसँग सम्बन्धित नाट्यशास्त्र, साहित्यदर्पण, रसगङ्गाधरजस्ता सैद्धान्तिक कृतिहरू तथा रामप्रसाद ज्ञवालीका रचनामाथि गरिएका शोधकार्य, विभिन्न उद्देश्य राखेर उनी र उनका रचनामाथि गरिएका अध्ययन, उनीमाथि तयार पारिएका विशेषाङ्क र समालोचनाहरू, शास्त्रीय पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय सामग्री सङ्कलनको साधन प्रयोग गरी तथ्यको उपयोग गरिएको छ । यी दुवै प्रकारका सामग्रीहरूको यथोचित उपयोग गरी रामप्रसाद ज्ञवालीरचित स्वप्नदृष्टि महाकाव्यमा रसविधानगत शास्त्रीय मान्यताका आधारमा अध्ययन विश्लेषण गरी तिनमा रसविधानको स्वरूपको निरूपण गरिएको छ ।

**तथ्य विश्लेषण प्रक्रिया**

स्वप्नदृष्टि महाकाव्यको विश्लेषणका क्रममा मूल रूपमा कृतिको सघन पठन, सैद्धान्तिक पक्षको अध्ययन र स्वप्नदृष्टि महाकाव्यमा रसको अध्ययन गर्दा महाकाव्यमा प्रयुक्त श्लोकहरूलाई पहिले ९साक्ष्य० उदाहरणका रूपमा प्रस्तुत गरी आगमनात्मक विधिबाट रसप्रयोगको पुष्टि गरिएको छ । विश्लेषण गर्दा विशिष्टबाट सामान्यतर्फ गई खुला अन्त्य खालको निष्कर्ष निकाली गुणात्मक अध्ययन ढाँचा अपनाइएको छ ।

## विमर्श र छलफल

साहित्यमा प्रयुक्त विषयवस्तु, भाव वा विचार,पात्रको अभिनय, परिवेश आदिको कलात्मक संयोजनले भावक वा दर्शकको हृदयमा सुषुप्त अवस्थामा रहेको स्थायी भाव साधारणीकरण अवस्थामा पुगी आनन्दानुभूति हुनु नै रस हो । स्थायी भाव, विभाव, अनुभाव र व्यभिचारी भाव नै रसका अवयव हुन् । शृङ्गार, करुण, हास्य, रौद्र, शान्त, अद्‌भुत, वीर, वीभत्स र भयानक गरी रस नौ प्रकारका हुन्छन् भन्ने भरत, भामः , विश्वनाथ, जगन्नाथ आदि पूर्वीय विद्वानहरूको सैद्धान्तिक मान्यतालाई आधार बनाइ स्वप्नदृष्टि महाकाव्यमा प्रयुक्त रसको छुट्टाछुट्टै उल्लेख गरी आस्वादन प्रक्रियासमेत देखाएर विश्लेषण गरिएको छ । स्वप्नदृष्टि महाकाव्यमा विभिन्न रसहरू प्रयोग भएका छन् । यस महाकाव्यमा प्रयुक्त रसहरूको क्रमशः निम्नानुसार निरूपण गरिएको छ :

**शृङ्गार रस**

यस महाकाव्यमा कुल १७ सर्गमध्ये दोस्रो सर्ग, तेस्रो सर्ग, छैटौँ सर्ग, नवौँ सर्ग र सोहौँ सर्गमा शृङ्गार रसको प्रयोग भएको छ । कवि वा महाकाव्यका नायकले श्रीमतीलाई सँगै भ्रमणमा लैजाने खबर पाएको क्षण, श्रीमतीसँग सँगै जाने अवसर पाएको क्षण, चिनियाँ परिचारिकाको रूपरङ्गबाट लट्ठ परेको क्षण, कोरियाली सुन्दरी युवतीको वर्णन र अन्त्यमा कोरियाली सुन्दरी पथपर्दशकसँग बिदा हुने क्षणमा व्यक्त भावहरूमा शृङ्गार रसानुकूलभाव मुखरित भएको पाइन्छ । शृङ्गार रसले परिपाक नपाए पनि प्रसङ्गानुसार आएका शृङ्गारिक भावले रसास्वादनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । दोस्रो सर्गबाट उदय भएको शृङ्गार रस बिच बिचमा उठ्दै, विश्राम गर्दै र पुनः मानव चित्तवृत्तिमा आस्वादनमय हुँदै अघि बढेको देखिन्छ । यसक्रममा नै प्रस्तुत महाकाव्यमा शृङ्गार रस अङ्ग रसका रूपमा देखा पर्दछ । यथास्थानमा यथोचित शृङ्गार रसको प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ । शृङ्गार रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

कस्तो हो सुकिलो रङ्ग ! कस्तो हो कसिलो जिउ !
त्वचा कस्तो उज्यालो हो ! हो कि नौनी ? कि हो घिउ ?
कस्तो हिस्सी परेकी ए ! आँखा हुन् कति सुन्दर !
अङ्ग कस्तो मिलेका हुन् ! रूप कस्तो मनोहर ! (पृ. ६९)

प्रस्तुत श्लोकमा आलम्बन विभावका रूपमा कवि र परिचारिका (सुन्दरी) छन् । आश्रयालम्बन विभावरूपी कवि (नायक) र विषयालम्बन विभावरूपी नायिका (परिचारिका) को सुन्दरता देखेर मोहित भएका छन् । परिचारिकाको जिउ कसिलो देखिनु, त्वचा गोरो हुनु, नौनी वा घिउजस्तो देखिनु, सुन्दर आँखा, मिलेका अङ्ग उद्दीपन विभाव हुन् । नौनी हो कि घिउ हो कि, मानिस हो कि के हो भनेर झुक्किनु वा सन्देहमा पर्नु, सुन्दरता देखेर कवि (नायक) आकर्षित हुनु आदि अनुभाव हुन् भने सुन्दरीको सुन्दरता देखेर कविमनमा हर्ष र उत्सुकताजस्ता भाव जाग्नु व्यभिचारी भाव हुन् । प्रस्तुत श्लोकमा व्यक्त उपर्युक्त भावले रति/प्रीति भावलाई उद्वेलित गर्ने कार्य गरेको छ ।

कवि ज्ञवाली आकाशमा अझ अघि बढ्दै जाँदा ती युवतीको सुन्दरता र त्यत्तिकै मोहक हाउभाउबाट राम्रैसँग प्रभावित बन्दै जान्छन् । त्यस प्रभावबाट उत्पन्न भावलाई उनी थप सौन्दर्यबोधका साथ व्यक्त गर्छन् । यसरी गरिएको अभिव्यक्तिमा शृङ्गार भावको रसास्वादन परिपुष्टतामा पुगेको पाइन्छ :

हिँडेकी कसरी भन्नु ! नाच्छिन् झैँ लाग्छ सुन्दरी
बोलेकी कसरी भन्नु ! बर्से जस्तै छ निर्झरी
आँखा हुन् कसरी भन्नु ! चम्के जस्तै छ तारिका
सुन्दरी मात्र के भन्नु ! लाग्दछिन अभिसारिका । (पृ. ७०)

के हो सौन्दर्य ? हो छाला चिल्लो गोरो सफा हुनु ?
वा हो पुष्ट, सफा, चिल्लो मसिनो जिउ देखिनु ?
वा हो यो वासना लोभी यौनाकर्षण ? मात्तिनु ?
वा हो यौवनको रोगी चर्को कामुकता हुनु ? (पृ. ७१)

माथिका श्लोकहरूमा आलम्बन विभाव, उद्दीपन विभाव, अनुभाव र व्यभिचारी भावहरू रति/प्रीति भावलाई जागृत गरी संयोग शृङ्गार रसको आस्वादन हुने गरी प्रयुक्त भएका छन् । यी श्लोकहरूमा नायक (कवि) र नायिका (सुन्दर युवती) आलम्बन विभावका रूपमा आएका छन् । नायकको नायिकाप्रतिको एकहोरो आसक्ति देखिन्छ तर पनि यहाँ शृङ्गार भाव उद्वेलित छ । चिल्लो र गोरो छाला, पुष्ट र सफा शरीर, सुन्दर चुम्बकीय मुख आदि उद्दीपन विभावका रूपमा आएका छन् भने आँखा अरूतिर हेरूँ भन्दा पनि सुन्दरीतर्फ नै जाने र चुम्बकले फलाम तानेझैँ सुन्दरीको सौन्दर्यले आँखा तानिनु, मन घरी घरी उनीतिरै तानिएर उनलाई आलिङ्गन गरूँ गरूँ हुनुजस्ता वर्णनले अनुभावका रूपमा काम गरेको छ भने नायिकालाई देखेर कहिले आसक्ति बढ्नु, कहिले आखिर यौन भनेको यौवन अवस्थाको रोग त हो नि भनेर पश्चात्ताप भएझैँ हुनु, किन यसरी मन तानिएको होला भनेर अर्कैतिर ध्यान मोड्न खोज्दा झन् त्यतैतिर मन तानिँदा लज्जाबोध हुनु, मोह जाग्नु, चिन्ता जाग्नुजस्ता व्यभिचारी भावले रति/प्रीति स्थायी भावलाई जागृत गर्न मद्दत गरेका छन् ।

**बीभत्स रस**

स्वप्नदृष्टि महाकाव्यमा रहेका १७ सर्गमध्ये जम्मा तीन सर्गमा र कम श्लोक सङ्ख्यामा बीभत्स रसको प्रयोग भएको देखिन्छ । बीभत्स रसको प्रयोग प्रसङ्गअनुसार यथोचित हुनु पनि यस महाकाव्यको आफ्नै वैशिष्ट्य देखिन्छ । 'साम्राज्यवाद' शीर्षकको नवौँ सर्गमा साम्राज्यवादी अमेरिकाले उत्तरकोरियाका जनतामाथि गरेको बीभत्स हत्या, आक्रमण आदिको चर्चा गर्ने सन्दर्भमा आएका भावहरूमा भने 'जुगुप्सा' भावले चरमोत्कर्ष प्राप्त गरेको देखिन्छ । यथास्थानमा यथोचित बीभत्स रसको प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ । बीभत्स रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

जस्तै :

दुध चुस्दै भए बच्चा तान्थे घाँटी दबाउँदै !
आमाका स्तन काटेर झुकुन्डो खेल्दथे अझै
नाङ्गै पारी दिदीबैनी बलात्कार गरी गरी
गुप्ताङ्गमा छुरी घोप्दै हाँस्थे जल्लादझैँ गरी ! (पृ. १७७)

च्याती युवतीका योनी तरबार घुसाउँदै !
भाला घोच्दै भुसा कोच्दै तड्पाउँथे रमाउँदै !
घाइते वृद्धवृद्धाको छाला काट्थे चुनी चुनी !
युवाका लिङ्ग काटेर मिल्काउँथे गरामुनि ! (पृ. १७७)

पक्रेर वीर योद्धाका हातगोडा कुँजा गरी
कुत्तालाई लगाएर टोकाएर घरी घरी !
चोक्टा लुछ्न लगाएर छाला काढेर नाच्दथे !
सुन्थे चीत्कार योद्धाका, खित्का छाडेर हाँस्दथे ! (पृ. १७७)

नवौँ सर्गका माथि आएका श्लोकहरूमा बीभत्स रसले उत्कर्ष प्राप्त गरेको छ । अमेरिकी साम्राज्यवादी सेना (अव्यक्त) आलम्बन विभावका रूपमा आएको छ तथा स्तन काटिएका महिला, योनी च्यातिएका युवतीहरू,

घाइते वृद्धवृद्धा, लिङ्ग काटिएका युवाहरू, नाङ्गै पारिएका दिदीबहिनी आदि विषयालम्बनका रूपमा आएका छन् । यस खालका बीभत्स दृश्यहरूको वर्णन पढेर चित्तवृत्तिमा घृणा वा जुगुप्सा भाव जागृत हुन्छ । त्यस्ता हर्कत गराउने र गर्ने अमेरिकी सेनाहरूप्रति घृणाभाव जागृत भएर आउँदा बीभत्स रसले उद्दीप्त हुने मौका पाएको छ । ती जल्लादहरूले योनीमा भुस कोचार्ने, स्तन काटेर भकुन्डो खेल्ने, युवाको लिङ्ग काटेर मिल्काउने, घाइते योद्धालाई, वृद्धवृद्धालाई कुकुरद्वारा टोकाएर यातना दिने, तातेका फलामका सुइराले आँखामा घोच्नेजस्ता अपराधकर्मको वर्णन गर्दा जुगुप्सा वा घृणाभाव जागृत भई उद्दीप्त हुन्छ ! उक्त भाव उद्दीप्त भएपछि चित्तवृत्तिमा ती नरपिचासप्रति थुक्ने, हेर्न नसकेर आँखा चिम्लने, मुख फर्काउनेजस्ता अनुभावहरू जागृत हुन्छन् । ती खालका क्रियाकलापले नरभक्षी अमेरिकी सेनाप्रति आवेग जागेर आउँछ । घाइते युवा, युवती, वृद्ध, बालकहरूलाई देखेर चिन्ता लाग्ने, ग्लानि हुनेजस्ता व्यभिचारी भाव उत्पन्न हुन्छन् । यी सबैले घृणा वा जुगुप्साभाव जागृत भई बीभत्स रसलाई आस्वाद्य बनाएका छन् ।

**हास्य रस**

स्वप्नदृष्टि महाकाव्यमा अन्य रसका तुलनामा हास्य रसको प्रयोग कम भएको छ । महाकाव्यको अङ्गी रसका रूपमा वीर रस रहेको हुँदा हास्य रसको प्रयोगाधिक्यको आशा गर्न मिल्दैन । प्रसङ्गअनुसार हास्य रसको यथोचित प्रयोग भएको छ । हास्य रसको परिपाक नभए पनि हास्य रसको भावोदय र हास्य रस जागृत भएको पाइन्छ । अङ्गी रस वीरलाई प्रतिकूल पार्ने गरी नभएर अङ्ग रसकै रूपमा हास्य रसको उपस्थित गराउन सक्नु कविको क्षमता र महाकाव्यको वैशिष्ट्य देखिन्छ । यथास्थानमा हास्य रसका यथोचित प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ । हास्य रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

म आफू उफ्रिँदै नाचेँ भ्यागुतो उफ्रिएसरि
'भारती' ढल्किँदै नाचे, हल्लाए जिउ बेसरी
साथी 'सुमन' जी उफ्रे 'बाच्छो' उफ्रन्छ झैँ गरी
हाम्रो ताल नियालेर अरू हाँसे मरी मरी ! (पृ. २६८)

यसरी स्वप्नदृष्टि महाकाव्यको छेटौँ सर्गबाट एकैपटक पन्ध्रौँ सर्ग 'सहभोज' मा पुनः हास्य रसले भावोदय गर्ने मौका पाएको छ । कवि र नेपाली प्रतिनिधि मण्डललाई कोरियाली सरकारले सहभोजको कार्यक्रममा सहभागी गराउँछ । त्यस अवसरमा सबै देशका प्रतिनिधि उपस्थिति हुन्छन् र प्रत्येक देशका प्रतिनिधिलाई आफ्नो देशको प्रतिनिधित्व गर्दै गाउन र नाच्न लगाइन्छ । यो काम बाध्यकारीजस्तै भएकाले कवि र उनको टोलीले स्वर नभए पनि कनीकुथी गाएको, जबरजस्त नाचेको दृश्य उल्लेख गर्ने सन्दर्भमा माथिका श्लोक आएका छन् । यी श्लोकमा हास्य रसानुकूल भाव जागृतिका लागि हास्य/हाँसो स्थायी भावलाई जागृत गर्ने सन्दर्भमा विषयालम्बन विभावका रूपमा प्रतिनिधि मण्डलका व्यक्तिहरूको हात्तीउफ्राइ नाच, भ्यागुते नाच, नमिठो स्वरको गीत गाउने प्रयास आदि आएका छन् भने आश्रयालम्बनका रूपमा स्वयम् कवि र सहभागी नेपाली प्रतिनिधि मण्डल आएका छन् । उनीहरूले गीत गाउँदा हाँसो उठ्दो गरी हल्लिनु, हाँस्नु, जिउ बेसरी हल्लाएर नाच्नु, बाच्छो उफ्रेझैँ उफ्रेर नाच्नु, भ्यागुते तरिकामा नाच्नु आदि क्रियाकलापले हास्य भावलाई उद्दीप्त गरेकाले यी उद्दीपन विभावका रूपमा आएका छन् । यसै गरी मरी मरी हाँस्नु, उफ्री उफ्री नाचेकाले पसिना आउनु आदि अनुभावका रूपमा आएका छन् भने उफ्री उफ्री नाचेकाले, हल्लीहल्ली गीत गाएकाले आलस्य बढ्नु, स्वाँ स्वाँ हुनु, रोमाञ्च महसुस हुनुजस्ता व्यभिचारी भाव उत्पन्न भई हास्य स्थायी भावको आस्वादन भएको छ ।

**करुण रस**

स्वप्नदृष्टि महाकाव्यमा कविले पूर्वाभास सर्गमा कविका मृत पितालाई सम्झेर गरेको विलाप, समाधि स्थलमा गएर शवहरूको निरीक्षण गर्दा हृदयमा जागेको क?ण भाव, कोरियामा पुगेर सङ्ग्रहालयमा पुगी

अमेरिकाले युद्ध मच्चाएर वृद्धवृद्धा, बालबच्चा, युवायुवतीप्रति गरेको दानवी व्यवहार आदि देखेर व्यक्त गरिएका शोकपूर्ण करुण भाव र चिडियाखानामा पिँजडामा थुनिएका चराहरूले ध्वन्यार्थ व्यक्त गरेका पीडानुभूति र का?णिक भावहरूमा क?ण रसले उत्कर्ष प्राप्त गरेको छ । सिङ्गो महाकाव्यमा निरन्तर करुण रसको परिपाक नभए पनि प्रसङ्गानुसार आएका भावहरूमा करुण रसको उत्पत्ति हुन्छ र यसको आस्वादन गर्न सकिने भएकाले स्वप्नदृष्टि महाकाव्यमा क?ण रसको प्रयोग प्रभावकारी देखिन्छ । सम्पूर्ण महाकाव्यभरि यसको निरन्तरता नभएकाले यो प्रभावकारी हुँदाहुँदै पनि अङ्गी रसका रूपमा नभई अङ्ग रसका रूपमा प्रयोग भएको देखिन्छ । यथास्थानमा हास्य रसका यथोचित प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ । क?ण रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

सुत्केरी महिला, बाला, वृद्धवृद्धा, युवा सब
बन्दछन् घाइते, मर्छन्, हजारौँ छन् हताहत !
कतै लास उछिट्टिन्छन् हावामा लहराउँदै
असहाय कतै ?न्छन् वेदनाले कराउँदै ! (पृ. २५१)

महाकाव्यको १४ औं सर्ग ‘कल्पनातीत’ मा अमेरिकाले असाध्यै अमानवीय तरिकाले कोरियाली निहत्था जनतामाथि अत्याचार गरेको वर्णन गरिएको छ । अमेरिकी सेनाको बर्बरता पढ्दा क?णादायी भावोदय हुन्छ । माथिको श्लोकमा ‘शोक’ भाव जागृत हुनका लागि करुण रसानुकूल विभाव, अनुभाव र व्यभिचारी भावको संयोजन भएको पाइन्छ । यद्यपि यस श्लोकमा क?ण रसले परिपाक प्राप्त गर्न सकेको छैन तर पनि क?ण रसको उदय भने गराएको छ । अमेरिकी सेनाले बनाएका घाइते र हजारौँ मरेका लासहरू आलम्बन विभावका रूपमा आएका छन् भने तीमाथिको बर्बरता देख्दा क?ण रस जागृत हुन्छ । लासहरू हावामा उछिट्टिनु, घाइतेहरू छट्पटिनु आदि वर्णनले उद्दीपन विभावका रूपमा शोकलाई उद्दीप्त गर्न मद्दत गरेको छ । ती छटपटाएका, उछिट्टिएका, सुत्केरी बालबालिकाहरूको लास देखेर हृदयमा रोदन जाग्नु, ?नु, प्रलाप गर्न मन लाग्नु आदि अनुभाव हुन् । ती घटना देखेर चिन्ता उत्पन्न हुनु, आँसु झर्नु आदिबाट करुण रसको उत्पत्ति भएको छ ।

**रौद्र रस**

स्वप्नदृष्टि महाकाव्यमा अङ्ग रसका रूपमा रौद्र रसको प्रयोग भएको छ । कवि ज्ञवालीले नेपालको विकास नहुनुमा यहाँका कुबुद्धि भएका भ्रष्टाचारी नेता तथा शासकहरू मुख्य दोषी छन् भन्ने धारणा व्यक्त गर्ने सन्दर्भमा अभिव्यक्त गरेका भाव, कोरियामाथि अमेरिकाले गरेको ज्यादतीपूर्ण घटनाहरूको वर्णन गर्दा व्यक्त गरिएका भाव, चिडियाखानामा चराहरूले आफूहरूलाई थुनेको आक्रोशमा मानिसवि?द्ध व्यक्त गरेका ध्वन्यार्थ मूलक भाव, भारतीय प्रतिनिधि गुप्ताले नेपाली र नेपाललाई हेपेर बोल्दा त्यसको प्रतिकारमा कविले व्यक्त गरेका प्रतिकारमूलक भाव आदि विविध सन्दर्भमा व्यक्त गरिएका भावमा रौद्र रसको उत्पत्ति भएको छ । महाकाव्यमा रौद्र रसको परिपाक नभए पनि प्रसङ्गानुसार भएको रौद्र रसको उपस्थितिले रसास्वादनमा सकारात्मक भूमिका निर्वाह गरेको छ । रौद्र रस खास सन्दर्भमा मात्र अभिव्यक्त भएको देखिन्छ ।

दुष्ट नेताहरूलाई निचोरूँ कि लुगासरि !
नाङ्गेझार बनाएर चिथोरूँ कि म बेसरी !
घिसारूँ, गलहत्याऊँ, थचारूँ छिनका छिन !
गल्ली गल्ली घुमाएर लतारूँ ! हुन्छ यो मन ! (पृ. १५९)

महाकाव्यको आठौँ सर्ग ‘परिचय’ मा कवि कोरिया पुग्छन् । चीनले गरेको अद्भुत विकास हेरेपछि उत्तरकोरिया पुगेका कवि आफ्नो सुन्दर देशको सम्झना बारम्बार गर्छन् र सुन्दर देशलाई कुरूप पार्नेहरूप्रति बारम्बार असन्तुष्टि प्रकट गर्छन् । यसै सन्दर्भमा व्यक्त गरिएको भाव माथिको श्लोकमा पनि अनुभूत गर्न सकिन्छ । नेपाल प्राकृतिक, धार्मिक, जातीय, भाषिक एवम् विविध क्षेत्रमा अनुपम र सुन्दर भएर पनि नेताहरूको दृष्टताका कारण नेपालको विकास हुन नसकेर नेपालीहरू पछाडि परेका छन् भन्ने भाव व्यक्त गर्ने सन्दर्भमा आएको

उक्त श्लोकमा रौद्र रसको अनुकूल अभिव्यक्ति रहेको छ । स्वार्थकेन्द्रित नेपाली नेताकै कारण नेपाल झन् झन् गरिब बन्दै छ भन्ने आशय कविको देखिन्छ । यसक्रममा अभिव्यक्त उक्त श्लोकमा ती नेताहरू विषयालम्बन विभावका रूपमा प्रतिबिम्बित छन् । ती नेताहरूलाई सम्झँदा हृदयमा क्रोध वा रिसको भाव जागृत हुन्छ । आश्रयालम्बनका रूपमा स्वयम् कवि आएका छन् । यसै गरी ती नेताहरूको व्यवहार, स्वार्थी कर्म, व्यक्तिवादी चरित्र, देशको चिन्ता नगरेर व्यक्ति र परिवारको मात्र चिन्ता गर्ने स्वभाव (अव्यक्त) आदि क्रियाकलापहरू उद्दीपन विभावका रूपमा आएका छन् । ती नेताहरूको स्मरण गर्दा चिथोर्ने, निचोर्ने, घिसार्ने, गलहत्याउने, घुमाएर लतार्नेजस्ता भावहरू उत्पन्न हुनु अनुभाव हो भने ती नेताहरूलाई सम्झेर आवेग उत्पन्न हुने, ती नेताहरूको कुकार्यको स्मृति आउने, हृदयमा उग्रताजस्ता व्यभिचारी भावहरू हुन् । यसरी विभाव, अनुभाव र सञ्चारी भावको सहयोगमा क्रोध वा रिस स्थायी भाव जागृत भई रौद्र रसको उत्पत्ति भएको छ । यसैगरी भारतीय प्रतिनिधि मण्डलले नेपालीमाथि दुर्व्यवहार गर्न खोजेको सन्दर्भमा व्यक्त गरिएको अभिव्यक्तिमा पनि रौद्र रसको उदय भएको छ । जस्तै :

> नेपालीले त्यहाँ प्रश्न जत्तिपल्ट गरे पनि
> 'गुप्ता' ले गर्दथ्यो ठाडो हस्तक्षेप जरा खनी
> 'अशोक' 'म' र नेपाली नेता 'माणिक' ले तब
> कडा शब्दहरू बोल्दै प्रतिकार गर्‍यौँ, तर (पृ. १७१)
>
> प्रत्येक पल्ट 'गुप्ता' को अहङ्कार बढयो निकै
> मिच्दै नेपालको आस्था 'गुप्ता' घोडा चढ्यो निकै
> बारम्बार विनासार मिचाहा उर्लिंदै गयो
> नेपाली मनमा काँडा घोच्दै ऊ कुर्लिदै गयो । (पृ. १७२)

नेपाली प्रतिनिधिमण्डललगायत विश्वका अनेक देशका प्रतिनिधिहरू सहभागी भएको बैठकमा भारतका प्रतिनिधि गुप्ताले नेपाललाई हेपेर बोलेको देखेपछि नेपाली प्रतिनिधिमण्डलले आफ्नो स्वाधीन राज्यमाथि गरेको हेपाहा प्रवित्तिका विरूद्धमा पोखेको आक्रोश भावलाई कविले वर्णन गर्ने सन्दर्भमा माथिका श्लोक आएका छन् । यसमा भारतीय प्रतिनिधि 'गुप्ता' विषयालम्बन विभावका रूपमा आएको छ । रौद्र रसको स्थायी भाव रिस वा क्रोधलाई जागृत गर्ने सन्दर्भमा गुप्ता नै विषयालम्बन विभाव हो । कवि वा म पात्र, नेपाली प्रतिनिधि मण्डलका अशोक, माणिक आदि पात्रहरू आश्रयालम्बन विभावका रूपमा आएका छन् । गुप्ता वा विषयालम्बनलाई देखेर रिस वा क्रोध जागृत हुने आश्रयालम्बन विभावका रूपमा आएका ती पात्रहरूमा रस उद्दीपन गर्न र भावक वा पाठकको हृदयमा सुषुप्त क्रोध भावलाई उद्दीप्त वा जागृत पार्न उद्दीपन विभावका रूपमा गुप्ताले ठाडो हस्तक्षेप गर्नु, विनाकारण मिचाहा प्रवृत्ति देखाउनु, भारतले कोसी, गण्डकी, माडी, लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई हडप्न खोज्नु आदि आएका छन् । विषयालम्बन विभावका रूपमा आएको गुप्तालाई देखेर जागृत भएको क्रोध, गुप्ताको ठाडो हस्तक्षेप, भारतले नेपाली भूभाग मिच्नु आदिका कारण उत्तेजित भई क्रोध भाव जागृत हुनाले कडा शब्दले प्रतिकार गर्नु, कठोर बोलीका कारण आँखा रातो हुनु, दाँत टोक्नु (अव्यक्त) जस्ता अनुभावहरूले क्रोध भावलाई अझ उकास्ने कार्य गरेका छन् । गुप्ताको अहङ्कार देखेर कविमा आवेग र उग्रता जाग्नु, भारतले नेपाली भूमि हडपेको स्मृति आउनुजस्ता व्यभिचारी भावले रौद्र रसलाई उदीप्त बनाउन सघाएका छन् । नेपालको सार्वभौम सत्तामाथि भारतले गरेको हस्तक्षेप, कोरियामा गएर पनि भारतीय प्रतिनिधि गुप्ताले नेपाल र नेपालीलाई हेपेको अवस्था आदिका विरुद्धमा अभिव्यक्त भावमा रौद्र रसले उत्कर्ष प्राप्त गरेको छ । नेपाल र नेपालीलाई सधैँ हेप्ने भारतीय प्रवृत्तिको व्याख्या गरिएको उक्त श्लोकमा रौद्र रसको सशक्त उपस्थिति रहेको छ ।

**भयानक रस**

स्वप्नदृष्टि महाकाव्यमा अन्य रसजस्तै भयानक रस पनि अङ्ग रसका रूपमा आएको छ। नवौं सर्गमा आस्वादन गरिएको भयानक रस एकैपटक चौधौं सर्ग 'कल्पनातीत' मा पुगेर 'फादरल्यान्ड लिबेरेसन् बार म्युजियम' मा देखा पर्दछ। वायुयान, बम, गोला, बा?द, ठुलो आवाज, गिद्धझैँ आकाशबाट बम बर्साउनु, धर्ती र आकाश आगो आगो हुनु, लासहरू छताछुल्ल हुनु, धुलोमैलो हुनु, गोलीहरू पड्किनु जस्ता विषयहरूको उल्लेखले भयानक रसको उदय भएको छ। भयानक रस वीर रसको शत्रु रसका रूपमा व्याख्या गरिए पनि यस महाकाव्यमा शत्रुहरूले मच्चाएको भयलाग्दो कार्यले कोरियाली जनतामा देशको रक्षाको लागि लड्न उत्साह झन जागेर आउने हुँदा भयानक रस पनि अङ्ग रसका रूपमा आएको छ। यथास्थानमा भयानक रसको यथोचित प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ। भयानक रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

के हुँदै छ यहाँ भन्दै बुझ्न खोज्दै थिएँ तर
बुझ्नै नभ्याउँदै आए वायुयान भयङ्कर !
ध्वनिको वेगमा कुद्ने लडाका वमवर्षक
गिद्धझैँ फैलिए माथि बम बर्साउँदै तल ! (पृ. २५१)
आगो आगो भयो धर्ती, आगो आगो भयो नभ !
बगे रगतका धारा हरियो धरतीतल
धुवाँ धुवाँ भयो सारा धर्तीआकाश त्यो पल !
देखेँ प्रत्यक्ष आँखैले मैले त्यो युद्ध बर्बर ! (पृ. २५१)

माथिका श्लोकमा भयानक रसले जागृत हुने अवसर पाएको छ। वायुयान, बम, गोला, बा?द, ठुलो आवाज आदि विषयालम्बन र कवि/नायक आश्रयालम्बनका रूपमा आएका छन्। गोला, बा?द, वायुयान आदि देखेर सुषुप्त 'भय' भाव जागृत हुने अवस्थामा पुग्छ। गिद्धझैँ आकाशबाट बम बर्साउनु, धर्ती र आकाश आगो हुनु, लासहरू छताछुल्ल हुनु, धुलोमैलो हुनु, गोलीहरू पड्किनु आदिले उद्दीपन विभावको कार्य गरी भय भावलाई जागृत गर्ने काम गरेका छन्। उद्दीप्त उक्त भय भावका कारण चिच्याउनु, हेरेको हेर्‍यै ट्वाँ पर्नु, पसिना काढ्नु थरथर काँप्नु आदि अनुभाव हुन्। उक्त घटना देखेर उत्पन्न चिन्ता, त्रास, आवेगजस्ता व्यभिचारी भावहरूले 'भय' स्थायी भावलाई आस्वादनयोग्य बनाएका छन्।

**अद्भुत रस**

स्वप्नदृष्टि महाकाव्यमा अद्भुत रस पनि यथोचित प्रयोग भएको छ। प्रथम सर्ग 'पूर्वाभास' मा पिताको अनौठो उपस्थितिको चर्चा गर्ने सन्दर्भमा, चीनमा गएर चीनले गरेको अभुतपूर्व विकास, ग्रेटवालको अनौठो निर्माणकौशल आदिका सन्दर्भमा र उत्तर कोरियामा पुगेपछि त्यहाँको विकास, अनुशासन, कोरियाली जनताका श्रद्धापु?ष किम इल सुङ र किम इल जोङको मूर्ति कोरियाको कलाकारिता आदिको चर्चा गर्ने सन्दर्भमा अद्भुत रसानुकूल भावको उदय छ। चिनियाँ एवम् कोरियाली जनतामा भएको राष्ट्रभक्तिको भावना, उत्तर कोरियाले शत्रुराष्ट्रसँगको गरेको साहसी प्रतिकार, त्यहाँका नेता र जनताको एकता र परिश्रम आदिकै कारण ती देशको अभूतपूर्व विकास भएको हो भन्ने कुरा बताउने सन्दर्भमा अद्भुत रसको उदय भएकाले वीर रसको सहयोगी रसका रूपमा वा अङ्ग रसका रूपमा अद्भुत रसले प्रगाढ हुने अवसर प्राप्त गरेको देखिन्छ। यथास्थानमा अद्भुत रसको यथोचित प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ। अद्भुत रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

आ.मा.मा.! तेजिलो कस्तो ? कस्तो जीवन्त लाग्छ यो !
मूर्ति हो अथवा साँच्चै मान्छे हो ? दुविधा भयो !
राखिएका सजाएर दुई मूर्ति ठुला ठुला

'किमइल् सुङ' का साथै 'किमइल् जोङ' जोसिला । (पृ. २१८)

बाबुछोरा सँगै हाँस्दै उभिएका थिए त्यहाँ
कला यस्तो थियो, लाग्थ्यो जिउँदै छन् दुवै जना
हेरेँ ट्वाल्ल परी मैले कलालाई निकै क्षण
कलाकारहरूलाई चढाएँ अभिनन्दन ! (पृ. २१८)

महाकाव्यको बाह्रौँ सर्ग 'औपचारिकता' मा कवि वा 'म पात्र' कोरियालीहरूको अद्भुत कला, संस्कृति, अनुशासन, नीतिनियम आदि देखेर आश्चर्यमा पर्छन् । सोही आश्चर्यका भाव प्रकट गर्ने सन्दर्भमा थुप्रै अद्भुत रसानुकूल श्लोकहरू रचिएका छन् । माथिका श्लोक कोरियाली जनताले असाध्यै श्रद्धापूर्वक हेर्ने दुई नेताहरूको शव राखिएको स्थानमा गएर ती नेताका मूर्ति हेर्दा र मूर्तिमा भएको जीवन्तताको चर्चा गर्ने सन्दर्भमा रचिएका देखिन्छन् । यी श्लोकमा अद्भुत रसले पूर्ण हुने मौका पाएको छ भने सहृदयले अद्भुत रसास्वादन गर्न सक्छ । अद्भुत रसको स्थायी भाव आश्चर्य वा विस्मयलाई जागृत गर्नका लागि विषयालम्बन विभावका रूपमा 'किम इल् सुङ' र 'किम इल् जोङ' का मूर्ति आएका छन् । यी मूर्तिले सषुप्त आश्चर्य भावलाई जागृत गर्न सहयोग गरेका छन् । उक्त आश्चर्यभाव जागृत गर्ने सन्दर्भमा 'म पात्र' आश्रयालम्बन विभावका रूपमा आएका छन् । उक्त मूर्ति देखेर जागृत भएको आश्चर्य भाव, मूर्तिमा भएको तेजिलोपन, जीवन्तता, जिउँदै र हाँस्दै गरेझैँ लाग्नु, बाबुछोरा सँगै उभिएको झैँ देखिनु आदि कारणले उद्दीप्त गर्ने कार्य गरेकाले यी कुराहरू उद्दीपन विभावका रूपमा आएका छन् । ती मूर्तिहरू निर्जीव भएर पनि सजीवझैँ लागेर ट्वाँ पर्नु, छक्क पर्नु, दुविधामा हुनु आदि अनुभावका रूपमा आएका छन् । शव हो कि ? मूर्ति हो कि ? जिउँदो मान्छे हो कि ? भनेर सन्देह वा शङ्का लाग्नु, उत्सुकता जाग्नु, बिछट्ट कला देखेर हर्ष र चञ्चलता प्राप्त हुनु आदि व्यभिचारी भाव उत्पन्न भई आश्चर्य भावलाई जागृत गरी अद्भुत रसस्वादन गर्न सहयोग पुऱ्याएका छन् ।

स्वप्नदृष्टिमा अद्भुत रस पनि यथोचित प्रयोग भएको छ । प्रथम सर्ग 'पूर्वाभास' मा पिताको अनौठो उपस्थितिको चर्चा गर्ने सन्दर्भमा, चीनमा गएर चीनले गरेको अभुतपूर्व विकास, ग्रेटवालको अनौठो निर्माणकौशल आदिका सन्दर्भमा र उत्तरकोरियामा पुगेपछि त्यहाँको विकास, अनुशासन, कोरियाली जनताका श्रद्धापु?ष किम इल सुङ र किम इल जोङको मूर्ति कोरियाको कलाकारिता आदिको चर्चा गर्ने सन्दर्भमा अद्भुत रसानुकूल भावको उदय छ । चिनियाँ एवम् कोरियाली जनतामा भएको राष्ट्रभक्तिको भावना, उत्तरकोरियाले शत्रुराष्ट्रसँगको गरेको साहसी प्रतिकार, त्यहाँका नेता र जनताको एकता र परिश्रम आदिकै कारण ती देशको अभूतपूर्व विकास भएको हो भन्ने कुरा बताउने सन्दर्भमा अद्भुत रसको उदय भएकाले वीर रसको सहयोगी रसका रूपमा वा अङ्ग रसका रूपमा अद्भुत रसले प्रगाढ हुने अवसर स्वप्नदृष्टि महाकाव्यमा प्राप्त गरेको देखिन्छ ।

**शान्त रस**

वीर रसको विरोधी रस शान्त रस मानिन्छ । यस महाकाव्यको प्रथम सर्ग 'पूर्वाभास' मा शान्त रसको प्रयोगको सुन्दर प्रारम्भ रहेको छ भने अन्तिम सत्रौँ सर्ग 'आत्मबोध'मा शान्त रसले परिपाकता प्राप्त गरेको छ । स्वप्नदृष्टिको अङ्गी रस वीर रस रहे पनि यस महाकाव्यमा युद्धवीरभन्दा पनि दानवीर, धर्मवीर, कर्मवीरजस्ता वीर रस अङ्गी रसका रूपमा रहेका पाइन्छन् । शान्त रसमध्ये वैराग्यभावभन्दा पनि मानवहृदयमा रहेको ईर्ष्या, राग, द्वेष, घमन्ड आदि छाडेर विश्वशान्तिको आह्वान गर्दै मानवता, मातृत्व, भातृत्त्व, सीमाहीन विश्व स्थापना गरी निःस्वार्थ शान्तिपूर्ण विश्वनिर्माणको भाव जागृत गर्ने खालको भावयुक्त शान्त रसले परिपाक पाएको हुँदा शान्त रस पनि यस महाकाव्यमा अत्यन्त सशक्त रहेको छ । अङ्गी रसका रूपमा रहेको वीर रसको सशक्तताका निम्ति अङ्ग रसका रूपमा आई यस रसानुकूल अभिव्यक्तिले प्रस्तुत महाकाव्यलाई रसमय बनाउन सहयोग गरेको देखिन्छ । शान्त रसको प्रयोगका दृष्टिले स्वप्नदृष्टि महाकाव्यको अन्तिम सर्ग विशेष महत्त्वपूर्ण रहेको छ । यसका अनेक श्लोकमा शान्त रसानुकूल भावको अभिव्यक्ति पाइन्छ । यथास्थानमा

शान्त रसको यथोचित प्रयोगले सिङ्गो महाकाव्यको आस्वादनमा सहयोग नै गरेको छ । शान्त रसको प्रयोग अवस्थालाई साक्ष्यका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

गरौँ आयु छँदै काम, युवावस्था छँदै गरौँ !
मर्नै पर्ने छ हामीले नमर्ने कृति भै मरौँ !
गरौँ समयमै कर्म जानौँ समयको गति !
'आयु' 'यौवन' मान्छेका फर्किंदैनन् बितेपछि । (पृ. ३०५)

कोही हुन्न सदा सदा अमर हे ! खर्बौं कमाए पनि
मर्नै पर्दछ एकबार सबले संसार पाए पनि
छाडौँ गर्न घमन्ड व्यर्थ प्रिय हे ! सद्भावना भर्नु छ
मान्छेको सुखनिम्ति मानिस बनी सञ्चेतना छर्नु छ । (पृ. ३०५)

महाकाव्यको अन्तिम वा सत्रौँ सर्ग 'आत्मबोध'मा शान्त रसले परिपाक प्राप्त गरेको छ । माथिको श्लोकमा शान्त रसको चरमोत्कर्ष पाइन्छ । जीवनमा आयु र यौवन भन्ने कुरा अति नै महŒवका छन् तर ती एकपटक बितेपछि कहिल्यै फर्कदैनन् । त्यसैले मान्छेले घमन्ड गर्नु बेकार छ । अमर हुनका लागि खर्बौं पैसा भएर पनि हुँदैन । आखिर सबैले मरेरै जाने हो भन्ने निस्सारताबोध शान्त रसको आलम्बन विभावका रूपमा भाएको छ । जीवन क्षणिक भएकाले युवा अवस्थामै केही गरौँ, समयमै कर्म गरौँ, घमन्ड नगरौँ, खर्बौं कमाए पनि जीवन सदाका निम्ति सुरक्षित हुँदैन, भौतिक सुखले मात्र जीवन पूर्ण सुखी हुँदैन भन्ने भावले हृदयमा सुषुप्त भएको 'शम' भाव उद्दीप्त भएको छ । जीवन क्षणिक छ भन्ने कुरा यथार्थपरक छ । यसै यथार्थपरक निस्सारतालाई बुझेर अमर रहनका निम्ति जीवनका केही राम्रा कर्म गरौँ भन्ने भाव जागृत हुने हुँदा यी प्रसङ्ग उद्दीपन विभावका रूपमा आएका छन् । यसरी उद्दीप्त भावबाट सहृदयमा सद्भावना जाग्नु, अभिप्रेरणा मिल्नु, आँसु आउनु आदि अनुभाव भाव सिर्जना हुन्छन् । जीवनलाई सत्कर्म गरी अमर बनाउनुपर्दछ भन्ने भावना जागृत हुँदा हर्षभाव, आखिर जति गरे पनि जीवन क्षणिक त रहेछ भन्ने अभिव्यक्तिमा विरक्ति भावजस्ता व्यभिचारी भाव जागृत भई शान्त रसको रसास्वादन सहज रूपमा भएको छ ।

**वीर रस**

कवि नेपालदेखि चीन हुँदै उत्तरकोरियाको भ्रमणमा जानुअगाडिको प्रसङ्गदेखि भ्रमण सकेर नेपाल फर्की भ्रमण जानुअगाडि र भ्रमणमा देखेका, सुनेका र भोगेका एवम् भ्रमणपश्चात् मनमा उठेका भावलाई व्यक्त गरिएको विषयवस्तुमा संयोजन गरिएको छ । प्रथम सर्गमा अमर कला जन्माउने उत्साह, स्वर्गीय पिताको उपदेशले भविष्यमा केही गर्ने अठोटजस्ता भावहरू व्यक्त गरिएका श्लोकमा उत्साह भावले जागृत गर्ने अवसर प्राप्त गरेको छ । दोस्रो सर्गमा चीन र उत्तरकोरिया जाने निमन्त्रणा गर्न आएका भारतीको निम्तो, श्रीमती लैजान पाउने भएपछि भम्रणमा रमाइलो हुने र धेरै कुरा अवलोकन गर्न पाइने भयो भनेर व्यक्त गरिएका भावमा पनि उत्साह भावले विकसित हुने मौका पाएको छ । प्रथम सर्गबाट प्रारम्भ भएको 'उत्साह' भावको उदय दोस्रो सर्गमा आएर विकसित भएको छ । तेस्रो सर्गमा कवि भ्रमण टोली नेपालको एयरपोर्टबाट छुटेर चीनको आकाशमा उड्दा कर्मवीर स्थायी भाव उत्साह झन विकसित भएको पाइन्छ । कविभित्र जीवन र देशका निम्ति केही गरौँ तथा केही जानौँ भन्ने उत्साह भाव तेस्रो सर्गमा आएर झन प्रगाढ भएको पाइन्छ । चौथो सर्गमा महाकविको सम्झना र छेन्दुको तनाव शीर्षकीकरण गरिएको छ । अनकन्टार र प्राकृतिक रूपमा सुन्दर कम भए पनि चीनको विकास देख्दा कवि मनमा खिन्नता जागे पनि नेपालजस्तो प्राकृतिक सुन्दरताले भरिएको देशको विकाश इच्छाशक्ति भएमा सजिलै गर्न सकिने रहेछ भन्ने उत्साह भाव जागृत हुँदा वीर रसले झन परिपुष्ट हुने मौका पाएको छ । चीनको भूमिमा पुगेपछि महाकवि देवकोटाको सम्झनाले छाती फुलेर आउदा गौरव भाव जाग्दा वीर रसले परिपुष्टता प्राप्त गरेको छ । पाचौँ सर्गमा चीनको विकास देखेर अद्भुत रस जागृत भएर अङ्गी रसजस्तै परिपाक प्राप्त गर्न खोजे पनि चीनको विकास गरेझैँ आफ्नो देशले

पनि विकास गर्नु पर्दछ । इच्छा भएपछि गर्न सकिन्छ भन्ने उत्साह भाव जागृत भएकोले पाचौँ सर्गमा पनि अद्‌भुत रसले वीर रसलाई जागृत गर्न सहयोगी भूमिका निर्वाह गरी वीर रसले विकसित हुने अवसर प्राप्त गरेको छ । चिनियाँहरूको भाषाप्रतिको मोह, ग्रेटवालजस्ता स्थान देखेर नेपालको भाषा र विकासमा उत्साहित भई लाग्ने प्रेरणा जागी उत्साह भाव झन विकसित भएको छ ।

छैटौँ सर्गमा माओको देशमा पुगेपछि उत्साह र उत्सुकताले झन प्रगाढता प्राप्त गरेको छ । माओलाई ईश्वरझैँ मान्ने प्रसङ्गमा शान्त रसले युक्त भाव देखापरे पनि माओको पराक्रम, सौर्य, कान्तिकारिता, देशप्रेम आदि चर्चा गर्दा 'उत्साह' भाव जागी शरीर नै गौरवले फुल्ने गर्दा वीर रस परिपाकतर्फ पुगेको छ । प्रथम सर्गबाट उदय भएको उत्साह भाव छैटौँ सर्गसम्म आउदा विकसित हुँदै गएको छ । नेपालबाट चीन र उत्तरकोरिया जान्ने भन्ने निमन्त्रणा देखिनै जागेको उत्साह र उत्सुकता चीनको अद्‌भुत विकास, देशप्रेम, माओको गुणगान र चमत्कृत विकासले विकसित भएको उत्साह भाव सातौँ सर्गमा गएर उत्तरकोरियाको यात्रामा लाग्दा झन परिपुष्ट हुने गरेको छ । उत्तरकोरिया अमेरिका, जापानले गरेको ज्यादती, अन्याय, अत्याचार देख्दा उत्साह भाव शिथिल भई रौद्ररसले परिपाक पाउने अवसर पाउनै थाल्दा पुनः उत्तरकोरियाली जनताले देशभक्तिपूर्ण भावको चरमरूप स्वरूप शत्रु राष्ट्रलाई हराएको वर्णनले हृदयमा उत्साह भाव चमत्कृत भई पुनः वीर रसले विकसित भई पूर्णता प्राप्त गर्ने बाटोमा रहेको देखिन्छ ।

परिचय नामक आठौँ सर्गमा समारोहमा नेपाली प्रतिनिधिमण्डले नेपाल र नेपालीको परिचय दिँदा देशप्रेम भावले गौरव र उत्साहले छाती फुलेर आउँदा वीर रसले अङ्गी रसका रूपमा निरन्तरता प्राप्त गरेको छ । नवौँ सर्गको साम्राज्यवाद शीर्षकमा जुझे विचार धाराका प्रवर्तक किम अल सुङ्ले शत्रुराष्ट्र अमेरिका, जापानसँग सम्झौता नगरेर अद्वितीय वीरता प्रदर्शन गरेको सन्दर्भ उल्लेख गर्दा कोरियाली जनताको साहस देखेर पाठक हृदयमा उत्साह भाव जागी नेपाललाई हेप्ने ठुला राष्ट्रप्रति जाइलाग्ने प्रेरणा जागृत भई उत्साह भाव चरम अवस्थामा पुगेको पाइन्छ । दसौँ सर्गमा उत्तरकोरियाको विधिप्रविधि देखेर, त्यहाँका जनतामा देखिएको अनुशासन, नीतिनियम, देशप्रेम, नैतिकवान, राष्ट्रियता, राष्ट्रमोह आदिको व्याख्यानले उत्साह भावलाई मलजल गरेको छ । एघारौँ सर्गमा कोरियाको शिक्षा पद्धति, देशका विरूप आँखा लगाउनेका विरोधमा जाइलाग्ने देशभावपूर्ण शिक्षा दिने पद्धति आदिको व्याख्यामा पनि उत्साह भाव सलबलाएको छ । बाह्रौं सर्गमा सम्मेलनमा भारतीय गुप्ताले नेपाललाई हेप्ने अभिव्यक्ति दिँदा नेपाली प्रतिनिधि मण्डलले डटेर नेपाल र नेपालीका बारेमा बोलेर प्रतिकार गरेको घटना उल्लेख गर्दा उत्साह भाव पुनः चरम अवस्थामा पुग्ने गरेको छ । महाकाव्यको तेह्रौं सर्गमा उत्तरकोरियाका दुई महानायक किमइलसुङ र किमइलजोङका सालिक राखिएको स्थानमा र उनीहरूको घरका बारेमा वर्णन गरिएको श्लोकहरूको आस्वादन गर्दा उत्साह भाव चमत्कृत भएको छ । ती दुई नायकका परिवार नै क्रान्तिमय परिवार भएकै कारण उनीहरू पनि क्राान्तिमा होमिएर देशको मुक्तिका लागि लडेको विषयवस्तुको चर्चा गर्दा पाठक मनमा पनि देशप्रेमको भाव जागृत हुँदा उत्साह भाव जागी वीर रसले प्रथम सर्गबाट उदय हुँदै यस सर्गमा पनि निरन्तरता प्राप्त गरेको छ । महाकाव्यको चौधौँ सर्गमा कोरियन कलाकारहरूले बनाएको भित्ते चित्र, युद्धशेष दृश्य देख्दा अद्‌भुत रसले हृदय चमत्कृत हुन खोजे पनि विगतमा भएका युद्धसम्बन्धी विवरणलाई कलात्मक ढङ्गले देखाउदा अद्‌भुत रसको चमत्कारले साच्चिकै अहिले नै युद्ध भइरहेको छ कि भन्ने सन्देह उत्पन्न भएर हृदयमा युद्धका लागि तयार होऊँ लाग्ने गरी उत्साह भाव जागृत हुन अद्‌भुत रसले सहायकको भूमिका खेली वीर रस नै प्रमुख भएर आएको छ । शत्रुराष्ट्रबाट भएको भीषण दमन र देशका लागि लड्दै गर्दा शत्रुबाट खोसेका हतियारहरूको प्रदर्शनीले हृदयमा देशभक्तिपूर्ण गौरव भाव जागृत भई वीर रसले परिपुष्टता पाएको छ ।

महाकाव्यको पन्ध्रौँ सर्ग 'सहभोज' नामक शीर्षकीकरण गरिएको यस सर्गमा उत्साह भाव केही पत्थर भएको पाइन्छ । यद्यपि गाइडको देशप्रेम भाव देखेर देश र जनताका लागि प्राणझैँ प्यारो मानेको व्याख्याले उत्साह भाव पूर्णतः सेलाउने गरेको छैन बरू मनमा देश प्रेम भाव जाग्दा उत्साह भावले निरन्तरता पाएको

छ । महाकाव्यको सोहौँ सर्गमा अधिकांश श्लोकहरू मानवतावादसँग जोडिएको र शान्त रसानुकूल भाव देखा पर्दछ । शान्त रसानुकूल रहे पनि वैराग्य र निर्वेद मूल कथ्यका रूपमा आएको छैन । चिडियाखानामा थुनेर राखेका चराहरूको माध्यमबाट विद्रोहको ध्वन्यार्थ भाव व्यक्त गरिएको र शक्ति, विज्ञानका कारण शक्तिशाली देशहरूले कमजोर देशलाई चिडियाखानाका चराभैँ बन्धक बनाएकाले त्यसका विरूद्ध लाग्न गरेको आह्वानमा उत्साह भाव देखिन्छ । महाकाव्यको अन्तिम सर्ग आत्मबोध सत्रौँ सर्गका रूपमा रहेको र यस सर्गमा कवि चीन र उत्तरकोरिया गरी नेपाल पर्केर नेपालको विकास र सिङ्गो संसारका बारेमा व्यक्त गरिएको भावमा उत्साह भावले नै भरिएको छ । यस सर्गमा शान्त रसले परिपाक प्राप्त गर्ने चष्टा गरे पनि महाकाव्यको मूल कथ्य वैराग्य र विरक्तिपन नभएर राम्रा कर्म गरेर जीवनलाई सार्थक बनाउनु पर्दछ भन्ने रहेकाले उत्साह भाव नै मूल भएर आएको छ ।

रस प्रयोगका दृष्टिले स्वप्नदृष्टि महाकाव्यको अङ्गी रस वीर रस नै हो । प्रथम सर्ग देखि सत्रौँ सर्गसम्म जम्मा १४ सर्गमा वीर रस नै मूल वा अङ्गी रूपमा र एक सर्गमा अद्भुत एवम् दुई सर्गमा शान्त रस अङ्गीका रूपमा देखा परे पनि समग्र महाकाव्यमा वीर रसलाई अङ्गी रसका रूपमा सहयोगी रसकै रूपमा अदभुत र शान्त रससमेत रहेकाले वीर रस नै अङ्गी रसका रूपमा रहेको छ । वीर रस प्रयोगका केही साक्ष्यहरू :

भने–प्योङ्याङ भयो ध्वस्त अमेरिकी प्रहारले
मान्छे मरे हजारौँमा बम, बा?द, खारले
तर हिम्मत हारेन कोरियाले कहीँ कतै
लड्यो लडिरह्यो एवं हरायो शत्रु ती सबै । (पृ. १९३)

भई साम्राज्यवादीको मारबाट छिया छिया
गरी सङ्घर्ष आफैँले उठ्यो उत्तर कोरिया
ध्वस्त सन्त्रस्त विध्वंस बनेको प्योङयाङमा
छर्दै छौँ सिर्जनाबीज खडा भै स्वाभिमानमा । (पृ. १९३)

## निष्कर्ष

स्वप्नदृष्टि महाकाव्य यात्रालाई विषयवस्तु बनाएर रचना गरिएको प्राचीन महाकाव्य सिद्वान्तभन्दा भिन्न स्रोतबाट विषयवस्तु लिएर रचना गरिएको महाकाव्य हो । पुराण र इतिहासबाट विषयवस्तु लिनु पर्छ भन्ने मान्यताभिन्न यात्रालाई विषयवस्तु बनाइ रचना भएको स्वप्नदृष्टि महाकाव्य पूर्वीय महाकाव्य सिद्धान्तले अङ्गीकार गरेका कथावस्तुगत स्रोत, नायक उच्च कुलीन, शूरवीर र धिरोदात्त हुनुपर्ने, नायिका स्वकीया हुनुपर्ने भन्ने पात्र प्रयोगसम्बन्धी मूल्यमान्यताको पालना नगरी रचना भएको महाकाव्य हो । यसरी पूर्वीय महाकाव्यसिद्धान्त भिन्न विषयवस्तुको प्रयोग गरी रचना भएको यस स्वप्नदृष्टि महाकाव्यमा र प्रयोग के कसरी भएको छ ? भन्ने समस्यालाई समाधान गरी पूवीय महाकाव्य सिद्धान्तले रसा महाकाव्यको अनिवार्य तत्त्व हो र मूल रूपमा शान्त, वीर र शृङ्गारमध्ये एक रस र अन्य सहायक रूपमा आवश्यक हुन्छ भन्ने मान्यतालाई अनुसरण गरिएको महाकाव्य हो भन्ने नयाँ तथ्य पत्ता लगाउनु यसको मूल उपलब्धि वा प्राप्ति हो ।

यो महाकाव्यमा पूर्वीय महाकाव्य मान्यताले अङ्गीकार गरेका कथावस्तु, नायक एवम नायिका र परिवेश एवम् सर्गान्तमा भाव्वी काथावास्तुको सङ्केतजस्ता विषय पालना नगरेर पनि रस प्रयोगसम्बन्धी मान्यतालाई पालना गरेको विषय अनुसन्धानबाट प्राप्त गर्नु पनि अर्को उपलब्धि नै हो । वीर रसलाई उद्दीप्त गर्नका लागि रौद्र, शान्त र बीभत्स रसलगायत अन्य सबै रसहरू अङ्ग रसका रूपमा आएका छन् र यी अङ्ग रसले वीर रसलाई रसानुकूल हुने अवसर प्रदान गरेका छन् ।

वीर रस अङ्गी रसका रूपमा रहेको यस महाकाव्यमा वीर रसलाई अङ्गी बनाउन आएका क?ण, शान्त र भयानक रस आफैँमा वीर रसको विरोधी रस हुन् । यी रसहरू विरोधी रस भएर पनि कसरी अङ्ग बनेर आएका छन् भनेर नयाँ तथ्य यस अनुसन्धानबाट पत्ता लागेकाले यस खालको अर्को नवीन तथ्य पत्ता लाग्नु पनि यस अनुसन्धानात्मक लेखको उपलब्धि हो ।

झिनो कथावस्तु, नायक र नायिकाको गौण उपस्थिति, कम पात्रको प्रयोग, यात्रा विषय र प्रगतिवादी विचारप्रधान महाकाव्य भएर पनि नौवटै रसको उचित प्रयोग गरी पूर्वीय महाकाव्यसिद्धान्तले वीर, शान्त र शृङ्गारमध्ये कुनै एक अङ्गी हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात स्वप्नदृष्टि महाकाव्यमा गरिएको कुरा पत्ता लगाउनु पनि यस अनुसन्धानको उपलब्धि वा प्राप्ति हो ।

यो अनुसन्धानले पूर्वीय महाकाव्यसिद्धान्तभिन्न रहेर एवम् भिनो कथावस्तु भएको महाकाव्य पनि रसमय भएको र विरोधी रसलाई पनि कविकौशलद्वारा अङ्ग रसका रूपमा प्रयोग गर्न सकिने रहेछ भन्ने कुरा पहिचानगरी निष्कर्ष निकालिएको यो अनुसन्धानात्मक लेख महाकाव्य र रससम्बन्धी अध्ययन गर्ने अध्ययतालाईसमेत महत्त्वपूर्ण सामग्री हुनसक्नु पनि यसको अर्को उपलब्धि हो ।

## कृतज्ञताज्ञापन

यस अनुसन्धानात्मक लेख तयार पार्दा प्राथमिक र द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका सामग्रीका लेखकहरू, लेख प्रकाशन गर्ने संस्था र सम्पादक मण्डल, विज्ञ समीक्षकज्यू र सहयोग गर्ने सबैप्रति कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भग्रन्थसूची

अग्निपुराणकार.(सन् १९८५०). *अग्निपुराण.*(अनु).तारिणी झा.हिंन्दी साहित्य सम्मेलन ।
अधिकारी, हेमाङ्गराज.(२०६७). *पूवीय समालोचनाको सिद्धान्त.*.साझा प्रकाशन ।
आनन्दवर्धन.(२०४२)..*ध्वन्यालोक.*(ते.सं.) .चौखम्बा विद्याभवन ।
गुप्त, अभिनव.(सन् १९९७०).*ध्वन्यालोकलोचन टीका.*चौखाम्बा संस्कृत सिरिज आफिस ।
जगन्नाथ.(सन्२००३). *रसगङ्गाधर.*चौखम्वा विद्याभवन ।
ज्ञवाली, रामप्रसाद.(२०७४). *स्वप्नदृष्टि.*ऐरावती प्रकाशन ।
नगेन्द्र.(सन् १९७४). *रससिद्धान्त.*नेशनल पब्लिशिंग हाउस ।
भरतमुनि.(सन् १९८३). *नाट्यशास्त्र.*भारतीय विद्या प्रकाशन ।
भमह.(२०५९). *काव्यालङ्कार.*(ते.सं.) .चौखम्बा संस्कृत संस्थान ।
वमन.(सन् २०११). *काव्यालङ्कार सुत्रवृत्ति.*आत्मराम एन्ड सन्स ।
विश्वनाथ.(सन् १९८२). *साहित्यदर्पण.*मोतीलाल वनारसीदास ।
श्रेष्ठ, धीरकुमार.(सम्पा.).(२०७८). *स्वप्नदृष्टि समालोचना.*शब्दाङ्कुर ।
सिग्दाल, सोमनाथ.(२०५८). *साहित्य प्रदीप.*विद्यार्थी पुस्तक भण्डार ।

### लेखक

**खोपीराम वली क्षेत्री, पिएचडी** मध्यपश्चिम विश्वविद्यालय, वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुर, बाँकेमा प्राध्यापनरत हुनुहुन्छ । उहाँले त्रि. वि. मानविकी सङ्कायअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नु भएको छ । उहाँले नेपाली भाषा र साहित्यमा नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नु भएको छ । रससिद्धान्तमा विद्यावारिधि गरेका उहाँको रुचि समालोचना विधा रहेको छ ।